सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली
२०७३

बागमती प्रदेश, नेपाल

च.नं १४४१

प.सं. ०८०/०८१

मितिः२०८०/११/१०

## घर/भवन अभिलेखिकरण तथा नक्सा प्रमाणिकरण गर्ने सम्बन्धी ४५ दिने सूचना ।

यस गाउँपालिकाको मिति २०८०/०४/१८ को निर्णयानुसार मिति २०८०/०४/२२ गतेको प्रकाशित सूचनामा घर/भवन अभिलेखिकरण गर्न घर नक्सा तयार गर्दा लाग्ने शुल्कमा १००% सम्म छुट दिने व्यवस्था उल्लेख भएको र यस सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र नियम बमोजिम घर/भवनको अभिलेखिकरण तथा नक्सा प्रमाणिकरण गरिदिन वडा कार्यालयमा निवेदन दिनुपर्ने सुनकोशी गाउँपालिकाको भवन निर्माण संहिता तथा नक्सापास कार्यविधि २०७५ को पहिलो संसोधनमा व्यवस्था भएकोले घर/ भवन अभिलेखिकरण तथा नक्सा प्रमाणीकरण गर्ने सम्बन्धि ४५ दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गरिन्छ ।आफ्नो वडा कार्यालयमा निवेदन दर्ता गराउनुहुन समेत अनुरोध छ ।

**वोधार्थः**

श्री वडा नं. १,२,३,४,५,६ र ७ कार्यालयहरुः- १) यस ४५ दिने सूचना प्रकाशन प्रसारण गरि सबै नागरिकले जानकारी पाउने व्यवस्था गर्ने ।

२) गाउँपालिकाबाट प्राप्त अनुसूचि बमोजिम मुचुल्का गरी सिफारिस पठाउने । (२०७५ साल अगाडी र पछाडी बनेका घर/ भवन को मिति उल्लेख गर्नुपर्ने )

३) यस आर्थिक वर्ष २०८०/०८१ घर/भवन अभिलेखिकरण तथा नक्सा प्रमाणीकरणको अन्तिम बर्ष हुने ।

४) ४५ दिन भित्र निवेदन दिने घर धनीको घर नक्सा गाउँपालिकाले परामर्शदाता मार्फत निशुल्क तयार गरिदिने ।

५) आवश्यक कागजात

- लालपुर्जाको प्रतिलिपी
- धरधनीको नागरिकताको प्रतिलिपी
- नापीको नक्सा
- सम्पर्क फोन नम्बर

६) घर/भवन अभिलेखीकरण तथा नक्सा प्रमाणीकरण शुल्क/दस्तुर (राजश्व) आर्थिक ऐन २०८० र कार्यविधिमा तोकिए बमोजिम हुने ।

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत